# दुई तिहाइको हस्ताक्षर

भुवन केसी/तिलक पाठक

***प्रकाशित मितिः*** माघ ३, २०७१

सत्ता पक्ष र प्रतिपक्षी दलहरुबीच दुरी बढिरहेका बेला सत्तापक्षका सभासद्हरुले माघ ८ गते नै संविधान जारी गर्नुपर्ने भन्दै दबाब दिनका लागि हस्ताक्षर अभियान चलाए । सहमति नभए प्रकृयाबाट भएपनि संविधान जारी गर्नुपर्ने भन्ने यो अभियानमा सत्तापक्षका चार सय १४ सभासद्को हस्ताक्षर थियो । संविधान निर्माण दबाब अभियानमा रहेका सभासदहरुले उक्त हस्ताक्षर संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई बुझाए । प्रकृया थाती राखेर सहमति प्रयास मात्र जारी राख्दा अनन्तकालसम्म संविधान जारी नहुने चिन्ता गर्दै दुई तिहाइ भन्दा बढी सभासद्ले सभाध्यक्षलाई तत्काल प्रकृया अघि बढाउन आग्रह गरेका हुन् ।[1]

संविधान जारी गर्न माग गर्दै बुझाइएको पत्रमा कांग्रेस, एमाले, राप्रपा, नेकपा माले, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाल परिवार दल, बहुजन शक्ति पार्टी, नेपाली जनता दल, अखण्ड नेपाल पार्टी, जनजागरण पार्टी नेपाल लगायतका दलका सभासद्हरुको हस्ताक्षर थियो । तर, काँग्रेस र एमालेका शिर्ष नेताहरुले भने त्यसमा हस्ताक्षर गरेका थिएनन् । सहमति खोज्ने प्रकृयामा रहेकाले उनीहरुलाई हस्ताक्षर नगराइएको सभासद्हरुको भनाइ रह्यो । सभासद्हरुको आग्रहपछि संविधानसभा अध्यक्ष उत्साहित देखिए । उनले यस अभियानले आफूलाई अघि बढ्न सहयोग पुग्ने धारणा गरे ।

## धेरैमा सहमतिको दाबी

सहमति खोज्नका लागि भन्दै काँग्रेस, एमाले, एमाओवादी र मधेशीकेन्द्रीत दलहरुको बैठक बस्यो । संविधानका विवादित विषयमा दलहरुबीच छलफल भएपनि सहमति हुन सकेन । छलफलमा सहभागी नेताहरुले सकेसम्म सहमति खोज्ने गरी अघि बढेको, केहीमा सहमति जुटेको र धेरैजसोमा सहमति नजिक पुगेको बताए ।[2] त्यसपछि कसरी अघि बढ्ने भन्नेमा दलहरुबीच छलफल भयो । प्रधानमन्त्री सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच पनि छलफल भयो । तर, केही सहमति भएन । एमाले अध्यक्ष केपी शर्मा ओलीले एमाओवादी सहमति पनि नगर्ने र प्रकृयामा पनि नजाने रणनीतिमा रहेको आरोप लगाए ।[3]

## संविधानसभामा मतान्तर

संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको प्रतिवेदनमाथि संविधानसभामा छलफल सुरु भयो । काँग्रेस र एमालेका सभासद्हरुले सहमति नभए प्रकृयामा जान जोड दिए । काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले प्रकृया अवरुद्ध गराएर नहुने भन्दै

[1] बस्नेत, बालकृष्ण र फुयाल, राजेन्द्र । माघ ३, २०७१ । ४१४-- प्रकृया । कान्तिपुर, पृ. १ ।
[2] पाण्डे, बलराम । माघ ३, २०७१ । माघ ८ मा साझा सन्देश मात्र । नागरिक, पृ.१ ।
[3] कान्तिपुर टिभी । माघ २, २०७१ ।

तत्कालै मस्यौदा समितिमा जानुपर्नेमा जोड दिए । संविधानको मस्यौदा बन्दै जान्छ, सहमतिको प्रयास पनि जारी राखौंला, उनको भनाइ थियो । यस्तै एमालेका वरिष्ठ नेता झलनाथ खनालले पटक-पटक संवाद समितिमा विवादित विषयहरु पठाउँदा पनि सहमति कायम हुन नसकेको उल्लेख गर्दै मतभिन्नता रहेका विषयलाई लोकतान्त्रिक प्रक्रियामार्फत टुंगो लगाउनुपर्ने बताए ।[4] एमाओवादी सभासद् अग्नि सापकोटाले दुई तिहाइबाट पेलेर अघि बढे प्रतिवाद गर्ने चेतावनी दिए । संविधानसभाको छलफलमा सत्ता पक्षका एक एक जनाले बोलेपनि प्रतिपक्षी दलका धेरै सभासद्हरुले नाम टिपाए । संविधानसभालाई मतदान प्रकृयामा जानबाट अलमल्याउन एमाओवादीसहित सत्ता बाहिरका दलहरु संवाद समितिको प्रतिवेदनमाथिको छलफल लम्बाउनतिर लागेका हुन् ।[5]

## प्रकृयामा जान नदिने निर्णय

काँग्रेस, एमालेलगायतका दलहरुले दुई तिहाइको आधारमा प्रकृयामा जान दबाब दिइरहेका बेला एमाओवादीले भने प्रकृयामा कुनै हालतमा प्रवेश नगर्ने निर्णय गऱ्यो । एमाओवादीको जोड सहमतिमा संविधान हुनुपर्नेमा थियो । माघ ८ गते संविधान ल्याउन पनि सहमति अनिवार्य रहेकाले सहमतिका लागि दबाब दिने संसदीय दलको निर्णय थियो ।

## निष्कर्ष

सत्ता पक्षमा रहेका दलका सभासद्हरुले सहमति नभए प्रकृयामा गएर भएपनि माघ ८ गते संविधान जारी गर्नका लागि हस्ताक्षर बुझाउँदा सत्तापक्षको मनोबल बढ्यो भने प्रतिपक्षीहरु थप झस्किए । दलहरुबीच सहमति नभए प्रकृयामा पेश गराउनका लागि संविधानसभा अध्यक्ष नेम्वाङलाई पनि सभासद्हरुको अभियानले केही सहयोग गरेपनि सहज हिसावले प्रकृयामा प्रवेश गर्ने अवस्था रहेन । सत्तापक्षले प्रकृयामा लैजान र प्रतिपक्षीले त्यसको प्रतिवाद गर्ने निर्णय गरेकाले संविधानसभा अध्यक्ष दुवैको चेपुवामा परे । दलहरुबीच सहमति नहुने र सत्तापक्षको आग्रहअनुसार प्रकृयामा प्रवेश गराउँदा संविधानसभामा थप द्वन्द्व बढ्ने अवस्था रह्यो । सहमतिलाई कुर्दा काम नै नहुने र सहमतिबिना अघि बढ्दा संविधानसभामा अवरोध हुने अवस्था सिर्जना भयो जसले गर्दा अध्यक्षले चाहेको प्रश्नावली समिति गठन गर्न पनि गाह्रो पर्ने देखियो ।

[4] पाण्डे, बलराम । माघ ३, २०७१ । माघ ८ मा साझा सन्देश मात्र । नागरिक, पृ.१ ।
[5] ढुंगाना, चिरञ्जीवी र साउद, नरेन्द्र । माघ ३, २०७१ । संविधानसभामा विपक्षीको अलमल । अन्नपूर्ण पोष्ट, पृ.१ ।

## माघ २ को मुख्य राजनीतिक गतिविधि

- वहुमतीय प्रकृयाद्वारा संविधान निर्माण अघि बढाउन आग्रह गर्दै सत्तापक्षका सभासद्हरुद्वारा संविधानधानसभा अध्यक्षसामु हस्ताक्षर पेश ।

- संवाद समितिको प्रतिवेदनमाथि संविधानसभाको बैठकमा छलफल, सत्तारुढ दलद्वारा प्रकृयामा जानुपर्नेमा जोड । प्रतिपक्षी दलहरुद्वारा आत्मसमपर्ण नगर्ने चेतावनी ।

- संविधानका विवादित विषयमा मुख्य राजनीतिक दलहरुबीच छलफल, दलहरु आ-आफ्नै अडानमा ।

- प्रधानमन्त्री सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेटघाट, सहमति कायम गर्न एमाओवादी अध्यक्ष दाहालको सुझाव ।

- एमाओवादी संसदीय दलको बैठक, प्रकृयामा जान नदिने निर्णय ।

- एमाले अध्यक्ष केपी शर्मा ओलीद्वारा एमाओवादी प्रकृयामा पनि नजाने र सहमतिमा पनि नआउने रणनीतिमा रहेको आरोप ।

- विवेकशील नेपालीद्वारा निर्धारित मितिमै संविधान जारीका लागि नयाँ वानेश्वरमा धर्ना ।